छिन्नमस्ता गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या : ०७५/०७६
चलानी नं. : ६२६
प्राप्त पत्र संख्या र मिति :

मिति : २०७६।०३।०३

बिषय : राय प्रतिक्रिया सम्बन्धमा ।

नेपाल कम्युनिष्ट पार्टी (ने.क.पा.)
गाउँकमिटी छिन्नमस्ता, सप्तरी ।

सर्वप्रथम यस गाउँपालिकामा प्राप्त भएको ज्ञापनपत्र सम्बन्धमा गाउँकार्यपालिकाको कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । चालु आ.व.को अन्त्यमा एकातिर आ.व.२०७५।७६ को गाउँसभाले ल्याएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने बाध्यता छ भने अर्कोतिर आ.व.२०७६।७७ को गाउँसभा २०७६ असार मसान्त भित्र सम्पन्न गर्नुपर्ने बाध्यता छ । गत आ.व.२०७४।७५ को गाउँसभा अत्यन्तै ढीलो मिति २०७४॥११।२६ गते सम्पन्न भएको थियो । कम समयमा धेरै योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्ने हुँदा आ.व.२०७४।७५ मा करिव ८० प्रतिशत कार्य सम्पन्न गरेतापनि केही योजनाको भुक्तानी सोही आ.व. मा हुन सकेन सो रकम आ.व.२०७५।७६ मा भुक्तानी दिएको व्यहोरा अवगत गराउन चाहन्छु । चालु आ.व.को बजेट स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application – SUTRA) मा हालिएको र सो को लेखांकन पनि सिस्टममा नै पोस्टिङ भैरहेको व्यहोरा अवगत गराउन चाहन्छु । आ.व.को समाप्तीपछि सम्पुर्ण प्रतिवेदनहरु गाउँपालिकाको वेबसाईटमा हेर्न सकिने जानकारी अनुरोध छ ।

यस गाउँपालिकामा राम्रा भन्दा हाम्रा, नातावाद, कृपावाद, जातिवाद, व्यक्तिवाद जस्ता प्रवृति हावी नभएको व्यहोरा जानकारी गराउन चाहन्छु । जस्तै : सुचना प्रविधि अधिकृत, बहुक्षेत्रीय पोषणको Volunteer, कानुनी सल्लाहकार आदि पदहरुमा कानुन सम्मत ढंगले प्रतिस्पर्धाको आधारमा योग्य व्यक्तिलाई छनौट गरेको व्यहोरा जानकारी गराउन चाहन्छु । चालु आ.व.मा पनि मिति २०७५।११।२६ गते नै गाउँसभा सम्पन्न भएको छ । चालु आ.व.मा समयले भ्याएजति योजनाहरुको जेठ मसान्तभित्रै सम्झौता गरी तीव्र गतिमा त्यसको कार्यान्वयन गर्न गाउँकार्यपालिकाको कार्यालय प्रतिबद्ध रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

यस गाउँपालिकाले सुचनाको हकबाट कसैलाई बञ्चित गरेको छैन । आम जनसरोकारका विषयमा नियमानुसार सुचना माग गर्न आउनेलाई यस गा.पा.ले मागेबमोजिमको सुचना उपलब्ध गराउने गरेको व्यहोरा जानकारी गराउन चाहन्छु । आ.व.२०७५।७६ ले ल्याएका योजना तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न उपभोक्ता समितिको गठन अगावै सार्वजनिक सुचना जारी गरी सार्वजनिक स्थलमा आम भेला बोलाई पारदर्शी रुपमा उपभोक्ता समितिहरु गठन गरेको व्यहोरा जानकारी गराउन चाहन्छु । जस्तै : वडास्तरीय योजनाको हकमा सम्वन्धित वडा कार्यालयले वडासमितिको

२०७६।३।२
प्रमुख प्रशासकीय अधिकृत

रोहवरमा आम भेला बोलाई गठन गरेको उपभोक्ता समिति तथा केन्द्र, प्रदेश र गाउँपालिका स्तरीय योजनाको हकमा कार्यालयको प्रतिनिधिको रोहवरमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र सम्बन्धित वडाका वडाध्यक्ष ज्युको उपस्थितीमा आम भेला बोलाई उपभोक्ता समिति गठन गर्ने गरेको ।

मिति २०७६।०२।२९ गते बसेको गाउँकार्यपालिका बैठकले कक्षा थप सम्बन्धमा आवेदन परेका विद्यालयहरुमध्ये मापदण्ड पुगेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको कक्षा थप गाउँ शिक्षा समितिको सिफारिसको आधारमा कार्यपालिकाले अनुमोदन गरेको जानकारी गराउँदछौं । साथै गाउँ शिक्षा समितिले ४ वटा नयाँ विद्यालयलाई अनुमति दिने निर्णय गरेतापनि गाउँकार्यपालिकाको मिति २०७६।०२।२९ गतेको बैठकबाट अनुमोदन हुन नसकेको व्यहोरा जानकारी गराउन चाहन्छु । यसबाट के प्रष्ट हुन्छ भने अनुमति नलिई संचालनमा रहेका कुनैपनि विद्यालयहरुको मापदण्ड नपुग्ने देखिन आएको हुदाँ गाउँ शिक्षा समितिले गरेको उक्त निर्णय कार्यान्वयन गर्न नसकिने व्यहोरा जानकारी गराउन चाहन्छु । साथै शिक्षा बालबालिकाको भविष्यसँग जोडिएको संवेद्धनशील विषय भएको हुनाले यस गाउँपालिकाभित्र अनुमति नलिई संचालनमा रहेका सम्पूर्ण संस्थागत विद्यालयहरु बन्द गर्ने गराउने विषयमा गम्भीर रुपमा आवाज उठाउन यहाँहरुको साथ सहयोगको अपेक्षा सहित ध्यानाकर्षण गराउन चाहन्छु ।

यस गाउँपालिका भित्रका निजी तथा सार्वजानिक पोखरीहरुको लगत संकलनको लागि ७ वटै वडा कार्यालयहरुमा पत्राचार गरिसकेको जानकारी अनुरोध छ । सार्वजानिक तथा निजी पोखरीहरुमध्ये निजी पोखरीहरुलाई करको दायरामा ल्याउने तयारी भैरहेको र सार्वजानिक पोखरीहरुको ठेक्का बन्दोबस्तीको तयारीमा रहेको व्यहोरा जानकारी गराउन चाहन्छु । हालसम्म केही वडाबाट मात्र लगत संकलन गरी पठाएको हुनाले सोही वडाका सार्वजानिक पोखरीहरुको ठेक्का बन्दोबस्तीको तयारीमा रहेको जानकारी अनुरोध छ ।

ज्ञापनपत्रमा माग गरिएका कागजातहरु यस गाउँपालिकाको सुचना अधिकारी सुचना प्रविधि अधिकृत श्री दिपक कुमार मेहतासँग सम्पर्क राख्नहुन अनुरोध छ ।

यस गाउँपालिकामा आर्थिक वर्षको अन्त्य अर्थात फाल्गुण चैत्रतिर गाउँसभा गर्ने चलन नै चलेको छ र वर्षभरिको सम्पुर्ण कार्य ३ महिनामा सक्नुपर्ने हुन्छ तथापि चालु आ.व.मा समयले भ्याएजति कार्य कानुन सम्मत ढंगले नै गर्ने म यहाँहरुलाई अवगत गराउन चाहन्छु । विगत ८ महिनादेखि गाउँपालिकाका कर्मचारीहरु कार्यविहीन भएर बसे । त्यतिवेला कुनैपनि किसिमको कही कतैबाट गाउँसभा समयमा सम्पन्न गर्ने विषयमा दबाब सिर्जना भएन । अन्तिम क्षण अर्थात चालु आ.व.को बजेट कार्यान्वयन र आगामी आ.व.को बजेट प्रक्षेपण गर्ने बेलामा कुन मनसायले दबाब सिर्जना गर्न लाग्नुभएको हो भने कुरा यहाँहरुलाई नै अवगत होला । यहाँहरुको माग प्रति गाउँकार्यपालिकाको कार्यालय सधै साकारात्मक छ । यहाँहरुको मागहरुको सम्बोधन गर्न र रचनात्मक सुझावहरुको कार्यान्वयन गर्न गाउँकार्यपालिकाको कार्यालय सधै प्रतिबद्ध छ । साथै कानुनले तोकेको समयमा आगामी आ.व.को गाउँसभा गर्ने कुरामा पनि निरन्तर दबाब सिर्जना गरियोस् भने म यहाँहरुलाई विनम्र अनुरोध गर्न चाहन्छु । आगामी दिनमा पनि यस छिन्नमस्ता गाउँपालिकाको उतरोत्तर प्रगति अर्थात देशकै नमुना गाउँपालिका बनोस्

२०७६।३।१२

प्रमुख प्रशासकीय अधिकृत

भने कामना सहित हामी सबै एकजुट भएर हातेमालो गरेर अगाडि बढनुको विकल्प छैन । यसमा यहाँहरुको साथ, सहयोगको साथै रचनात्मक सुझावको अपेक्षा यस गाउँपालिकाले राखेको व्यहोरा अनुरोध छ ।

२०७५।२।१२

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

सप्तरी

फोन नं. ०३१५२००५७
०३१५२३६६१

प.सं. २०७५/७६
च.नं. 695

मिति: २०७५।११।०२

विषय: आन्तरिक लेखापरीक्षणको प्रतिवेदन ।

श्री छिन्नमस्ता गाउंकार्यपालिकाको कार्यालय, सखडा, सप्तरी
।

त्यस नगर कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को सम्लग्न विनियोजनको आर्थिक कारोवारको मासिक खर्च बिबरण तथा पेश भएका सम्वन्धित श्रेस्ताको आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९६ , स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७७-२),महालेखा नियन्त्रक कार्यालयको आ.ब.०७४/०७५ च.नं.१४४ मिति:२०७५.०३.०५ को परिपत्र बमोजिम वार्षिक (२०७४ श्रावण देखि २०७५ असार) सम्मको आन्तरिक लेखापरीक्षण सम्पन्न गरी पाना २ को प्रतिवेदन र अनुसूची पाना २ यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

बोधार्थ:
श्री महालेखा परीक्षकको कार्यालय, पुल्चोक ललितपुर।
श्री महालेखा नियन्त्रक कार्यालय, आन्तरीक लेखापरीक्षण शाखा काठमाण्डौं ।
श्री संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

2075/11/2
प्रमुख कोष नियन्त्रक

३। कार्यालयको उद्देश्य

क स्थानीय सरकारको रूपमा कार्य गर्ने

ख स्थानिय स्तरमा सम्पूर्ण नागरिकलाई सेवा दिने

ग स्थानीय श्रोत साधनको उच्चतम प्रयोग गर्दै विकास निर्माणको कार्य सञ्चालन गर्ने

५। प्रमुख क्रियाकलापहरू

क राज्यबाट प्रदान गर्दै आएको ज्येष्ठ नागरिक लगायतका सामाजिक सुरक्षा भत्ता वितरण गरेको

ख स्थानिय स्तरका नागरिकहरूलाई स्थानिय स्तरबाटै सेवा प्रदान गरेको

ग विकास निर्माणको कार्यहरू तिब्रताका साथ सम्पन्न गर्ने गरेको ।

घ स्थानिय तहको स्तरमा प्रशासकीय प्रमुखको भुमिकाको कार्य गरेको

ङ न्यायिक सम्पादन सम्बन्धी कार्य गर्ने गरेको

३। ब.उ.शि.न.तपशिल

४। बार्षिक बजेट:तपशिल

क नेपाल सरकार:तपशिल

ख बैदेशिक श्रोत:

६। प्रतिवेदन अवधिसम्मको निकासा:तपशिल

७। प्रतिवेदन अवधिसम्मको खर्च:तपशिल

क नेपाल सरकार रू.तपशिल

ख बैदेशिक श्रोत रू.

८। नाम: प्र.प्र.अ.श्री रमेश प्रसाद यादव

९ लेखाप्रमुखको नाम: ले.पा.श्री भुपेन्द्र प्रसाद यादव/ ले.पा.श्री लिलाराज श्रेष्ठ र सह ले.पा.श्री बालगोविन्द साह

१० परिक्षण गरिएको मिति: २०७५/१०/१२

११ सम्बन्धित ऐन,नियम,निर्देशिका र कार्यविधि :

क स्थानीय निकाय सेवा शासन संचालन तथा व्यवस्थापन निर्देशिका

ख स्थानी सरकार ऐन,२०७४,आर्थिक कार्यविधि ऐन,२०६४ सार्वजनिक खरिद ऐन,२०६३ तथा आर्थिक कार्यविधि नियमावली २०६४,सार्वजनिक खरिद नियमावली, २०६४,भ्रमण खर्च नियमावली २०६४

१२ परिक्षण गरिएका श्रेताहरू

क गोश्वारा भौचर तथा सहायक क्षीलहरू,बैंक नगदी किताब,बजेट सिट र खर्चको फाटवारी

ख सहायक खाताहरू

ग खरिद सम्बन्धी निर्णय फाइलहरू

घ भुक्तानी आदेशहरू

ङ अन्य

१३ परिक्षणबाट देखिएका व्यहोराहरू

क) विनियेजन तर्फ

(२०७४श्रावण देखि २०७५ असार सम्म)

| सि.नं. | बजेट उपशीर्षक नं. | कार्यक्रम | भौचर संख्या | गत.आ.व.को अ.ल्या. | वार्षिक बजेट | जम्मा आम्दानी | यस अवधि सम्मको निकासा | यस अवधि सम्मको खर्च | श्रेस्ता अनुसार बांकी | बैंक बाकी स्टेटमेण्ड अनुसार | बेरूजु दाखिला | संचितकोषमा फिर्ता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०१४९९६३ | सशर्त अनुदान | | ० | ६२९८१०००.०० | ६२९८१०००.०० | ६२९८१०००.०० | ५७६३१९२१.४२ | ५३४९०७८.५८ | ०.०० | ५३४९०७८.५८ | ०.०० |
| | ८०१४९९६३ | वित्तिय समानिकरण | | ११०४९४१८.८९ | १६३१५८०००.०० | १७४२०७४१८.८९ | १७४२०७४१८.८९ | ८३७१५५७७.२५ | ९०४९१८४१.६४ | ०.०० | १४८५६९०५.२२ | ६४५८५९१७.५३ |
| | | आन्तरिक श्रोत यस वर्षको आय | | ३२२८८.८२ | ३३७३०२.२५ | ३६९५९१.०७ | ३६९५९०.८२ | ०.०० | ३६९५९०.८२ | ०.०० | ०.०० | ३६९५९०.८२ |
| | | जम्मा | | ११०८१७०७.७१ | २२६४७८३०२.२५ | २३७५५८००९.९६ | २३७५५८००९.७१ | १४१३४७४९८.६७ | ९६२१०५११.०४ | ०.०० | २०२०५९८३.८० | ६४९५५५०८.३५ |
| २ | ३६५०१५३ | सामाजिक सुरक्षा | | ० | ३४१७६०००.०० | ३४१७६०००.०० | ३४१७६०००.०० | २८३६५०००.०० | ५८११०००.०० | ०.०० | ०.०० | ५८११०००.०० |
| ३ | ३५५८१९३ | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु खर्च | | ० | ४६००००.०० | ४६००००.०० | ४२६०००.०० | ४२६०००.०० | ०.०० | ०.०० | ३४०००.०० | ०.०० |
| ४ | ३५५८१९४ | स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम पुजीगत खर्च | | ० | ६०००००.०० | ६०००००.०० | ४९८३३०.०० | ४९८३३०.०० | ०.०० | ०.०० | १०१६७०.०० | ०.०० |
| ५ | ३६५८४७३ | बहुक्षेत्रिय पोषण कार्यक्रम | | ० | १२७४०००.०० | १२७४०००.०० | ८९१८००.०० | ८९१८००.०० | ०.०० | ०.०० | ३८२२००.०० | ०.०० |
| ६ | ३६५८५२३ | सीमा क्षेत्र विकास कार्यकम | | ० | २०३३०००.०० | २०३३०००.०० | २०२३५००.०० | २०२३५००.०० | ०.०० | | ९५००.०० | ०.०० |
| ७ | ३६५८५२४ | सीमा क्षेत्र विकास कार्यकम | | ० | १७७७२०००.०० | १७७७२०००.०० | १६२८९५१०.०० | १६२८९५१०.०० | ०.०० | ०.०० | १४८२४९०.०० | ०.०० |
| ८ | ३२५१०६४ | पर्यटन पूर्वाधार विकास | | ० | २००००००.०० | २००००००.०० | १९५९९९८.०० | १९५९९९८.०० | ०.०० | ०.०० | ४०००२.०० | ०.०० |
| ९ | ३२५११४४ | पुरातात्विक संरक्षण | | ० | २००००००.०० | २००००००.०० | १९९९४७६.०० | १९९९४७६.०० | ०.०० | ०.०० | ५२४.०० | ०.०० |
| १० | ६०१०१४३ | संचित बिदा | | ० | ५३६३३५.०० | ५३६३३५.०० | ५३६३३५.०० | ५३६३३५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ११ | ६०१०१८३ | औषधि उपचार | | ० | ५०६९९५.०० | ५०६९९५.०० | ५०६९९५.०० | ५०६९९५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १२ | युनिसेफ | युनिसेफ | | ० | ११४०२००.०० | ११४०२००.०० | ११४०२००.०० | ७८५२००.०० | ३५५०००.०० | ०.०० | ०.०० | ३५५०००.०० |
| | | जम्मा | | ११०८१७०७.७१ | २८८९७४८३२.२५ | ३०००५६५३९.९६ | २९८००६१५३.७१ | १९५६२९६४२.६७ | १०२३७६५११.०४ | ०.०० | २२२५५९६९.८० | ७७१२१५०८.३५ |

| सि.नं. | विवरण | गत.आ.व.को अ.ल्या. | चालु आ.व.आम्दानी | जम्मा आम्दानी | यस वर्षको फिर्ता | धरौटी बाकी मौज्दात | श्रेस्ता अनुसार बाकी | बैंक बाकी स्टेटमेण्ड अनुसार | फरक |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | धरौटी | २१८०३.०० | १४५९०३.०० | १६७७०६.०० | १२१८०३.०० | १६७७०६.०० | ४५९०३.०० | ४५९०३.०० | ०.० |

| सि.नं. | विवरण | राजश्वआम्दानी | जम्मा आम्दानी | यस वर्षको फिर्ता | बैंक दाखिला |
|---|---|---|---|---|---|
| १४ | केन्द्रिय राजश्व आम्दानी | ०.०० | ०.०० | | |

| | | | | नियमित गर्ने | असुल गर्ने | पेश्की |
|---|---|---|---|---|---|---|
| १ | | चालु आर्थिक वर्ष २०७४.७५ को लागि अर्थ मन्त्रालयको वेभसाइट मार्फत LMBIS मा आएका अख्तियारी विभिन्न मितिमा को ले नि का मार्फत उपलब्ध गराईएकोमा कुन अख्तियारी कुन मितिमा प्राप्त भएको नखुलेको । अख्तियारी थप घट को जानकारी समयमा सम्बन्धीत निकायलाइ थाहा नभएकोले केहि असहज भएता पनि प्राप्त अख्तियारी अनुसार आ गरेका अन्य कार्यहरू प्रचलित स्थानीय सरकार ऐन,२०७४, आर्थिक कार्यविधि ऐन,२०६४ सार्वजनिक खरिद ऐन,२०६३ तथा आर्थिक कार्यविधि नियमावली २०६४,सार्वजनिक खरिद नियमावली, २०६४,भ्रमण खर्च नियमावली २०६४ बमोजिम भइ रहेको पाइयो । समयमा पेश्की फछ्यौट भएको पाइएन । गाउंपालिकाको चल अचल सम्पतिको लगत मुल्यांकन भएको पाइएन साथै जिन्सी समितिको निरिक्षण गर्दा चालु हालतका सामाग्रीको मुल्याकन गरि मुल्य खुलाउनु पर्ने सो भएको पाइएन । | | | | |
| २ | | आ.व.२०७४.०७५को तलवी प्रतिवेदन पारित भएको नदेखिको । इन्धन खर्च गर्दा सवारी लगबुक प्रयोग नगरेको,ममत आदेश तथा इष्टिमेट वेगर मर्मत विल खर्च गरेको पाइयो । खरिद इकाई समिति गठन गरेको नपाइएको । | | | | |
| ३ | | आ.व.२०७४.०७५को चालु तथा पुजिगत तर्फका कोटेशन, ठेक्का तथा उपभोक्ता समितिवाट निर्माण कार्यहरू गराउंदा बिल, भरपाईहरूमा सम्बन्धित उपभोक्ता समितिको सही छाप नभएको तथा उक्त विल भरपाईहरूमा कार्यालय प्रमुखवाट प्रमाणित समेत भएको नपाइएकोले उक्त विल भरपाईहरूमा कार्यालय प्रमुखवाट प्रमाणित गराई मात्र खर्च लेख्नु पर्ने देखिन्छ । साथै उपभोक्तावाट निर्माण कार्य गराउंदा सार्वजनिक परिक्षण गरेको अनुसूची ३ र खर्चको सार्वजनिक सूचना फाराम अनुसूची ४ बमोजिम हुनु पर्नेमा नभएको देखिन्छ । | | | | |
| ४ | चालु तर्फ | गो.भौ.नं.६४/२०७४.१०.१४ वाट पानी तथा विजुली महसुल वापतको रकम रू.२५०००.०० मात्र भुक्तानी गरेको तर का.स. मनोज कुमार झाको निवेदन मात्र रहेको साथै अन्य विल भरपाई संलग्न नरहेको तथा निजले उक्त रकम बुझेको सही छाप समेत नरहेको पाइयो । | २५०००.०० | | | |
| ५ | वित्तिय समानिकरण पूंजिगत | गो.भौ.नं.२७/२०७४.१२.२७ वाट कंकिटेक्स नेपाल हनुमाननगरवाट ह्युमपाइप खरिद गर्दा बिल रकम रू.२९७०००.००मात्र भुक्तानी दिनु पर्नेमा रू.३०००००.०० भुक्तानी दिएकोले बढी भुक्तानी भएको रू.३०००.०० उक्त फर्मवाट असूल उपर गर्नु पर्ने | ३०००.०० | | | |
| | | गो.भौ.नं.४४/२०७५.०२.११ वाट जनचेतना समाज नेपाल रा.वि.६ सप्तरीलाई सावुन वनाउने र अगरवती वनाउने तालिम सम्पन्न गरेको विल रकम रू.५०००००.००मात्र भुक्तानी दिएकोमा अ.आयकर वापत रकम रू.३१८२.०० दाखिला गरेको नदेखिएको हुंदा उक्त रकम असुल उपर गरी राजश्व खातामा जम्मा गर्नु पर्ने रू. | ३१८२.०० | | | |
| | | गो.भौ.नं.४९/२०७५.०२.१३ वाट ग्रामिण समाज संरक्षण केन्द्र इनरूवा ,६ सुनसरीलाई बुख्रा पालन सम्वन्धि विपन्न वर्गालाई तालिम कार्यकम सम्पन्न गरेको विल रकम रू.५०००००.००मात्र भुक्तानी दिएकोमा अ.आयकर वापत रकम रू.६०२.०० दाखिला गरेको नदेखिएको हुंदा उक्त रकम असुल उपर गरी राजश्व खातामा जम्मा गर्नु पर्ने रू. | ६०२.०० | | | |
| | | गो.भौ.नं.१३९/२०७५.०३.२५ वाट छिन्नमस्ता गा.पा.३ सखडादेखि गा.पा.४ लालापट्टी मडरपोखरीसम्म उ.स.लाई प्रथम तथा अन्तिम विल रकम रू.२३५२००.०० भुक्तानी हुनु पर्नेमा रू.२३७८१३.०० भुक्तानी भएको देखिएको हुंदा बढी भुक्तानी भएको रू.२६१३.०० उक्त उ.स.वाट असुल उपर गरी बेरूजु खातामा दाखिला गर्नु पर्ने रू. | २६१३.०० | | | |
| ६ | ३६५०१५३ | सामाजिक सुरक्षाको निकासा रू.३४१७६०००.००मध्ये रू.२८३६५०००.०० खर्च भई बाँकी रकम रू.५८११०००.०० बेरूजु खातामा जम्मा गर्नु पर्नेमा सचित कोष खातामा जम्मा गरेको हुदा उक्त रकम नेपाल सरकारको बेरूजु खातामा गर्नु पर्ने रू. | ५८११०००.०० | | | |
| ७ | ३६५८१९३ | गो.भौ.नं.२/२०७४/०६/०९वाट सामाजिक परिचालकहरूलाई २०७४श्रावण,भाद्र र चांडवाड खर्च भुक्तानी दिदा सा.सु.कर कट्टा गरी राजश्व खातामा दाखिला गर्नु पर्नेमा सो नगरेको रू.४८०.०० | ४८०.०० | | | |
| | | आ.ले.प.को समयमा बैक स्टेटमेन्ट पेश नभएकोले बैंक मौज्दात एकिन गर्न नसकेको । | | | | |
| ८ | | आ.व.को अन्तसम्म निम्न सस्था,उपभोक्ता समिति तथा कर्मचारीहरूको नाममा रहेको पेश्की रकम पे.फ. गरेको नदेखिएको | | | | |
| | | पेश्की विवरण: | | | | २५४३९७०.०० |
| | | (१) वडा सचिव ओम प्रकाश ठाकुर — सामाजिक सुरक्षा — २६८००.०० | | | | |
| | | (२) वडा स. भरत प्रसा गुप्ता — सामाजिक सुरक्षा — ६७२००.०० | | | | |
| | | (३) व.स. सिताराम राय — सामाजिक सुरक्षा — ३०४००.०० | | | | |
| | | (४) व.स.सत्य नारायण ठाकुर — सामाजिक सुरक्षा — ७६८००.०० | | | | |
| | | (५) व.स.राजेन्द्र प्रसाद मण्डल — सामाजिक सुरक्षा — २८०००.०० | | | | |
| | | (६) व.स.शंकर यादव — सामाजिक सुरक्षा — ३४०००.०० | | | | |
| | | (७) व.स. जितेन्द्र कुमार झा — सामाजिक सुरक्षा — ७३०००.०० | | | | |
| | | (८) कृ.स. सिहेश्वर महतो — कार्यक्रम — ३३३०००.०० | | | | |
| | | (९) सु.भा.सन्तोष कुमार राय — कार्यक्रम — १४८१७०.०० | | | | |
| | | (१०) कृ.स. सिहेश्वर महतो — विविध खर्च — १७०००.०० | | | | |
| | | (११) का.स. मनोज कुमार झा — विविध खर्च — २५०००.०० | | | | |
| | | (१२) पिढित उपभोक्ता समिति — निर्माण — १३००००.०० | | | | |
| | | (१३) डिहवार वावा उपभोक्ता समिति — निर्माण — २०००००.०० | | | | |
| | | (१४) रा.प्रा.वि.बरही विरपुर — कार्यक्रम — ४०००००.०० | | | | |
| | | (१५) रा.प्रा.वि.रम्पुरा मोहनपुर — कार्यक्रम — ४०००००.०० | | | | |

लेखा नियन्त्रक कार्यालय, राजविराज

| | | |
|---|---|---|
| (१७) वडा सचिव भरत प्रसाद गुप्ता | कार्यक्रम | १५००००.०० |
| जम्मा: | | २५३९३७०.०० |

पेश गर्ने:

प्रमाणित गर्ने:

२०६४।९।१२

कोष तथा लेखा नियन्त्रक कार्यालय
सप्तरी, राजविराज